आज मिति २०७५ साल फागुन ३० गते विहिबारका दिन विहान १२:०० बजे यस त्रिवेणी गाउँपालिका भित्रको विविध विषयमा छलफल गरी निर्णय लिन गाउँ कार्यपालिकाका अध्यक्ष श्री मानबहादुर डाँगीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णय भयो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री मानबहादुर डाँगी | अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री करुणा खड्का | उपाध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री छवीलाल खत्री | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री मेघराज रोका | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री हुकुम प्रसाद महतारा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री छवीराज शर्मा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री डिल्लीबहादुर बोहरा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री मानबहादुर वली | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री कान्ती वली | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री गायत्री बुढाथोकी | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री पार्वती वि.क.दलामे | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री रती वि.क. | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री दली बवाल | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री डवलसिंह सार्की | कार्यपालिका सदस्य त्रिवेणी गाउँपालिका, |
| श्री रेमन्तबहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत,सदस्य सचिव |

आमन्त्रित

श्री तिलक रावल,कम्प्यूटर अधिकृत

**प्रस्तावहरु**

१. आ.व.२०७५।७६ मा समपुरक अनुदानबाट संचालन गर्ने गरी प्रदेश मन्त्रालयमा प्रस्ताव गर्ने योजना छनौट गर्ने ।

२. गाउँपालिको एकिकृत आवधिक योजना निर्माणको लागि पर्न आएका प्रस्तावहरु मूल्याङ्कन गर्ने

३. त्रिवेणी गाउँपालिकामा ग्रामिण विद्युतिकरणको लागि शंखमुल ग्रामिण विद्युतिकरण एवं वितरण सामुदायिमक संस्था,शंखमूल सल्यानले पेश गरेको प्रस्ताव अनुसार सामुदायिक ग्रामिण विद्युतिकरण विभाग बालाजु,काठमाण्डौंको नाममा १० प्रतिशत लागत सहभागिता जम्मा गर्ने ।

४.पूर्ण सरसफाई सम्बन्धी संचालन गर्ने कार्यक्रम अनुमोदन गर्ने ।

५.कार्यक्रम संसोधन गर्ने सम्बन्धमा ।

६. आगामि पाँचौ गाउँ सभाको तयारीको कार्यक्रम संचालन गर्ने ।

७. कर्णाली प्रदेश सरकारको समपुरक अनुदान योजनाको लागत सहभागिता रकम विनियोजन गर्ने ।

८. दुई कोठे विद्यालय भवन निर्माणको लागि विद्यालय छनौट गर्ने ।

**निर्णयहरु :**

**निर्णय नं १,**

प्रस्ताव नं १ माथि छलफल गर्दा आगामी आ.व.२०७६।०७७ को लागि कर्णाली प्रदेशबाट सरकारबाट समपुरक तथा विशेष अनुदान प्राप्त गर्न समपुरक र विशेष अनुदान दुवैको लागि योजना छनौट गरी मिति २०७५ फागुन मशान्त सम्म प्रस्ताव पेश गर्ने व्यवस्था बमोजिम कर्णाली प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०७५ तथा कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि,२०७५ को प्रावधान बमोजिम यस गाउँपालिकाबाट देहायका योजना छनौट गरी पठाउने निर्णय गरियो ।

**१. कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्ने समपुरक अनुदान तर्फका योजनाहरु :**

(क) त्रिवेणी गाउँपालिका भवन निर्माण (क्रमागत रुपमा विनियोजन गर्ने गरी)

(ख) गाउँपालिका स्तर खेलकुद मैदान निर्माण

(ग) करेलेचौर पर्यटन उद्यान निर्माण

**२. कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्ने विशेष अनुदान तर्फका योजनाहरु :**

(क) विद्यालय खेलमैदान निर्माण(सरस्वती आ.वि.ठूलाचौर,ने.रा.मा.वि.फलाबाङ रेख र त्रिवेणी मा.वि.सरिकोट)

(ख) त्रिवेणी खानेपानी योजना निर्माण (स्किमहरु : घुँयालपानी फलावाङ खा.पा.योजना,लुहाम खानेपानी योजना,रामबजार खानेपानी योजना,पिमखोला खानेपानी योजना र राजागिठी खानेपानी योजना)

**निर्णय नं २,**

प्रस्ताव नं २ माथि छलफल गर्दा गाउँपालिको एकिकृत आवधिक योजना निर्माणको लागि अधिकतम सहभागिता तथा दक्ष कम्पनि/फर्महरुबाट प्रस्ताव पर्ने अपेक्षा सहित मिति २०७५ फागुन ७ गते हिमालय टाइम्स दैनिकमा १५ दिने सूचना प्रकाशित गरी प्राविधिक र आर्थि प्रस्ताव आह्वान गरिएकोमा सूचनाको म्यादभित्र जम्मा दुईवटा फर्म/कम्पनिबाटमात्र प्रस्ताव दर्ता हुन आएको सन्दर्भमा पर्न आएका प्रस्तावहरुलाई खारेज गरी नयाँ प्रक्रियाबाट जाँदा समय अभाव हुनेहुदा पेश भएका प्रस्तावहरु मूल्याङ्कनमा लगि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ३,**

प्रस्ताव नं ३ माथि छलफल गर्दा शंखमूल ग्रामिण विद्युतिकरण एवं वितरण सामुदायिक संस्था छत्रेश्वरी ३, शंखमूल सल्यानले त्रिवेणी गाउँपालिका र छत्रेश्वरी गाउँपालिका क्षेत्रभित्र नयाँ लाइन विस्तार गरी विद्युतिकरण गर्न सामुदायिक ग्रामिन विद्युतिकरण विभाग बालाजु,काठमाण्डौमा प्राविधिक र आर्थिक प्रस्ताव पेश गरेको र नेपाल विद्युतिकरण निर्देशक समितिको मिति २०७५।१०।०१ को ९४ औं बैठकबाट उक्त प्रस्ताव स्वीकृत भएकोले सामुदायिक विद्युतिकरण विभागको च.नं ६६९ मिति २०७५।१०।०७ मा यस संस्थामा भएको पत्राचार अनुसार दुवै गाउँपालिकामा जम्मा रु.१३,४९,२२,३२८।७२(तेह्र करोड उन्पचास लाख

वाइस हजार तीनसय अठठ्इस बहत्तर पैसा) बजेट विनियोजन भएको र सो को १० प्रतिशत लागत सहभागिता रकम रु.१,३४,९२,२३२।८७(एक करोड चौतिस लाख बयानब्बे हजार दुई सय बत्तिस रुपयाँ सतासी पैसा) योजना टेण्डर प्रक्रियामा लग्नको लागि तत्काल जम्मा गर्नुपर्ने, उक्त माथि उल्लेखित लागत सहभागिता रकम मध्य त्रिवेणी गाउँपालिकामा लाग्ने अनुमाणित लागतको १० प्रतिशतले हुन आउने रु.६५,००,०००।(पैसठ्ठी लाख) सामुदायिक ग्रामिण विद्युतिकरण विभागको ज्योति विकास बैंक काठमाण्डौंमा रहेको धरौटी खाता नं ००१००१००००४९१००००००१ मा जम्मा गरीदिनुहुन भनि संस्थाको निर्णय सहित पत्राचार गरेको हुनाले यस गाउँपालिका क्षेत्रमा विद्युतिकरणको लागि गाउँकार्यपालिका कार्यालय र उक्त संस्थाविचमा कार्यसम्पादन सम्झौता गरी माग बमोजिमको लागत सहभागिता रकम विद्युतिकरण कार्यक्रममा विनियोजित रकमबाट खर्च हुनेगरी जम्मा गरिदिने निर्णय गरियो ।

**निर्णय नं ४,**

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकालाई पूण सरसफाइयुक्त गाउँपालिका बनाउने अभियान अन्तरगत चालु आ.व.मा केही वडाहरु पूण सरसफाइयुक्त बनाउन पूर्ण सरसफाई अभियान शिर्षकमा विनियोजित बजेट अनुसारको कार्यालयबाट स्वीकृत देहायको कार्यक्रम अनुमोदन गरियो ।

**तपशिल**

**निर्णय नं ५,**

प्रस्ताव नं ५ माथि छलफल गर्दा आर्थिक विकास अन्तरगत कृषि क्षेत्रका लागि गाउँसभाबाट स्वीकृत भएका देहाएका कार्यक्रमहरुलाई आगामि गाउँ सभाबाट अनुमोदन हुने गरी तपशिल बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

तपशिल

<table>
<tr><th>क.स.</th><th>साविक कार्यक्रम</th><th>साविक बजे बाँकी</th><th>संसोधित कार्यक्रम</th><th>संसोधित बजेट</th></tr>
<tr><td>१</td><td>टिपियस आलुको विउँ वितरण ५० प्रतिशत अनुदानमा</td><td>१५०००।</td><td rowspan="4">सुन्तला खेती सम्बन्धि तालिम तथा विसादी वितरण</td><td rowspan="4">७५०००।</td></tr>
<tr><td>२</td><td>टिपियस आलु खेती तथा मशला बालि विषयक तालिम कार्यक्रम</td><td>१००००</td></tr>
<tr><td>३</td><td>फलफुल खेति विषयक अगुवा कृषक तालिम</td><td>२००००।</td></tr>
<tr><td>४</td><td>कर्मचारी क्षमता अभिबृद्धि तालिम</td><td>३००००।</td></tr>
<tr><td rowspan="2">५</td><td rowspan="2">५० प्रतिशत अनुदानमा सिटविन,सुपरग्रेन्ट व्याग,क्रेट,वइटिङ व्यालेन्स,सिकेचर आदि</td><td rowspan="2">१३००००।</td><td>५० प्रतिशत अनुदानमा सिटविन,सुपरग्रेन्ट व्याग,क्रेट,वइटिङ व्यालेन्स आदि</td><td>६५०००।</td></tr>
<tr><td>व्यवसायिक फलफुल किसानलाई आरी सिकेचर वितरण</td><td>६५०००।</td></tr>
</table>

**निर्णय नं ६,**

प्रस्ताव नं ६ माथि छलफल गर्दा आगामि पाँचौ गाउँ सभाको लागि आन्तरिक राजश्वको प्रक्षपन,विश्लेशन, श्रोत अनुमान तथा बजेट सीमा निर्धाणर र बजेट तथा कार्यक्रम तर्जुमा लगायतका कार्य समयमा सम्पन्न गर्नुपर्ने भएकोले क्रमिक रुपमा पाँचो गाउँसभाको तयारी कार्य सुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं ७,**

प्रस्ताव नं ७ माथि छलफल गर्दा कर्णाली प्रदेश सरकारको समपुरक अनुदान शिर्षकमा यस गाउँपालिका अन्तरगत पिमखोलाको दोवै खोलामा आर.सि.सि. कल्भर्ट निर्माणको लागि रु. ४० लाख र लुहाम ढोरचौर सडक निर्माणको लागि रु.६० लाख बजेट विनियोजन भई आएकोले सो को लागत सहभागिता वापत यस कार्यालयबाट व्यहोरिने ४० प्रतिशतले हुन आउने समपु रकम म्याचिङ फण्ड तथा अन्य शिर्षकबाट खर्च गर्ने र नपुग हुन आउने रकम गतवर्षको बाँकी अन्तरगतको विविध शिर्षकबाट खर्च गर्ने साथै सो को ठेक्का प्रक्रियाको काम तत्काल सुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं ८,**

प्रस्ताव नं ८ माथि छलफल गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगतको ब.उ.शि.नं.३५०१४०, विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तरगत सशर्त बजेट तर्फको दुई कोठे विद्यालय भवन निर्माणको लागि गाउँ शिक्षा समितिको शिफारिस अनुसार सरस्वती आ.वि.ठूलाचौर र ने.रा.मा.वि.रेखलाई छनौट गर्ने निर्णय गरियो ।